# फोटोग्राफी प्रविधि : सङ्क्षिप्त इतिहास

अशोकमान सिं

## लेखसार

**निकै लामो यात्रा तय गर्दै फोटोग्राफी प्रविधि वर्तमान अवस्थासम्म आइपुगेको हो। क्यामेरा अब्स्क्युराबाट सुरु भएको यो यात्रा हेलियोग्राफी क्यामेरा, डेगुएरिओ टाइप क्यामेरा, क्यालोटाइप क्यामेरा, वेटकोलोडियन पद्धति, ड्राइप्लेट नेगेटिभ पद्धति, कोडाक क्यामेरा आदि हुँदै आज डिजिटल फोटोग्राफीसम्म आइपुगेको अवस्था छ। समाजका समस्त क्षेत्रमा फोटोग्राफीको उपयोग झन् झन् बढ्दो छ। मनोरञ्जन र सोखका रूपमा मात्रै होइन, अपितु कला र आमसञ्चारका सशक्त माध्यमका रूपमा फोटोग्राफी विधा स्थापित भइसकेको छ। प्रस्तुत लेखमा क्यामेराको अवधारणा र यसको विकासक्रम, अन्तर्राष्ट्रिय स्तरमा प्रसिद्ध फोटोग्राफरहरू तथा नेपालका सन्दर्भमा फोटोग्राफीको इतिहास एवम् स्थापित नेपाली फोटोग्राफरहरूबारे सङ्क्षेपमा जानकारी दिने प्रयास गरिएको छ।**


## परिचय

सरल भाषामा भन्नुपर्दा क्यामेरा यन्त्रबाट फोटो खिचेर छाप्ने कलालाई 'फोटोग्राफी कला' (photography) भनिन्छ। 'फोटोग्राफी' शब्द ग्रिक भाषाबाट आएको हो। ग्रिक भाषामा 'फोटो' (photo) को अर्थ 'प्रकाश' (light) र 'ग्राफी' (graphy) को अर्थ 'छाप्नु' (print) अथवा 'कोर्नु' (draw) हुन्छ। यस अर्थले प्रकाशको माध्यमबाट छापिने भएको हुँदा दुइ शब्द जोडिएर 'फोटोग्राफी' शब्द बनेको हो। फोटोग्राफी कलालाई प्राविधिक कला (technical art) वा यान्त्रिक कला (mechanical art) पनि भनिन्छ। अतः कुनै प्राविधिक यन्त्रद्वारा खिचेर फोटो तयार पार्ने कला नै फोटोग्राफी हो। त्यस यन्त्रलाई 'क्यामेरा' (camera) भनिन्छ।

क्यामेरा र यसका प्रक्रियाहरू आविष्कार हुनु पछाडि अनौठा ऐतिहासिक शृङ्खलाहरू रहेका छन्। तिनका आआफ्नै सैद्धान्तिक अनुसन्धानका प्रक्रियाहरू रहेका छन्।

### क्यामेरा अब्स्क्युरा (Camera Obscura)

फोटोग्राफी सिद्धान्तको अवधारणा पाँचौं शताब्दी इस्वी संवत्पूर्वको उत्तरार्द्धमा मोजी नाउँका चिनियाँ दार्शनिकले प्रतिपादन गरेका थिए। कालान्तरमा त्यस अवधारणालाई ग्रिक दार्शनिक एरिस्टोटलले सैद्धान्तिक रूपमा प्रमाणित गरेका थिए। उनले अँध्यारो कोठाको भित्तामा सानो प्वाल पारी सूर्यको किरणद्वारा विपरीत भित्तामा बाहिरको दृश्यलाई प्रतिविम्बित गराएर यस सिद्धान्तलाई सिद्ध गरेका थिए। उक्त सिद्धान्तलाई इस्वी संवत् एघारौं-बाह्रौं शताब्दीमा आएर अर्को ग्रिक भौतिक शास्त्रका दार्शनिक अबु अल हासनले प्रकाश



*क्यामेरा अब्स्क्युरा*

छिर्ने प्वाल भएको क्यामेरा बक्स तयार पारी प्रयोगात्मक रूपबाट प्रमाणित गरिदिएका थिए। यही क्यामेरालाई सन् १५१९ मा लियोनार्दो दा भिन्चीले रेखाचित्र बनाएर प्रस्ट पारिदिएका थिए। उक्त क्यामेराको प्रयोगबाट फोटो छापिने प्रक्रियाको उपकरणलाई 'क्यामेरा अब्स्क्युरा' नामकरण गरिएको थियो। ग्रिक भाषामा 'क्यामेरा अब्स्क्युरा'को अर्थ 'डार्क रुम' अर्थात् 'अँध्यारो कोठा' भन्ने हुन्छ। उक्त क्यामेरा उपकरणमा बाइ कन्भेक्स सिसा राखी प्रयोगमा ल्याउने काम सन् १५५० मा इटलीका जेरोलामो कार्डानोले गरेका थिए। लेन्स प्रयोग गरिएको उक्त क्यामेरालाई सन् १६०४ मा जर्मनीमा योहान किल्परले पहिलो प्रयोग गरेर देखाएका थिए। लेन्स प्रयोगको विकास भएपछि सन् १६७८ मा फेरि अर्का जर्मन वैज्ञानिक योहान स्ट्रमले उक्त क्यामेराभित्र ४५ डिग्रीको झुकावमा सिसा राखी प्रकाश परावर्तन गराएर प्रतिविम्बित गराई थप विकास गरेका थिए। यस प्रकार क्यामेराको आविष्कारका क्रममा एकपछि अर्को क्यामेरा अब्स्क्युराको विकास भएको थियो।

## हेलियोग्राफी क्यामेरा (Heliography Camera)

हेलियोग्राफी भन्नाले सूर्यको प्रकाशद्वारा प्रतिविम्बित भएर छाया उतारिने चित्र भन्ने बुझिन्छ। यस प्रविधिको विकास फ्रान्सका वैज्ञानिक जोसेफ निसेफोरे नेप्सेले क्यामेरा अब्स्क्युरा र यसबाट बन्ने प्रतिविम्बका बारेमा अनेकौँ प्रयोग गरेर सन् १८१६ मा सिल्भर क्लोराइड भन्ने रसायनलाई पातामा लगाई प्रकाशद्वारा छाया प्रतिविम्ब उतारेर थप उत्कृष्ट अनुसन्धान गरेका थिए। सो अनुसन्धानलाई निरन्तरता दिँदै सन् १८२७ मा उनले आफ्नो काम गर्ने कोठाको झ्यालबाट देखिने दृश्यलाई दुरुस्त उतार्ने पहिलो सफलता हासिल गरेका थिए। उनले उतारेका छाया फोटोलाई विश्वको पहिलो फोटो मानिन्छ। त्यसैले जोसेफ निप्सेलाई फोटोग्राफीको अन्तिम आविष्कारकका रूपमा लिइन्छ।



*सन् १८२७ मा जोसेफ निसेफोरे नेप्सेले उतारेको विश्वको पहिलो मानिएको फोटो*

## डेगुएरिओ टाइप क्यामेरा (Daguerreo Type Camera)

आयोडिन दलिएको सिल्भर पातामा क्यामेरा अब्स्क्युराबाट एक्सपोज गरेपछि सजिलैसँग छाया प्रतिविम्बित हुन्छ भन्ने पत्ता लगाउने श्रेय फ्रान्सका वैज्ञानिक लुई ज्याक मेन्डे डेगुएरिओलाई जान्छ। सन् १८३१ मा उनले क्यामेराको अगाडिको भागमा लेन्स र पछाडिको भागमा रसायन दलिएको पाता राखी उत्कृष्ट फोटो खिच्ने क्यामेराको विकास गरेका थिए। यस आविष्कारको घोषणा सन् १८३९ मा भएको थियो। यस घोषणापछि उक्त प्रविधिलाई 'डेगुरिओ टाइप' भनेर नामकरण गरिएको थियो। सोही साल अगस्ट १४ का दिन फ्रान्स सरकारले यस सफलताको सार्वजनिक घोषणा गरेको थियो। त्यसैको स्मृतिमा अगस्ट १९ तारिखको दिनलाई 'विश्व फोटोग्राफी दिवस' का रूपमा मनाउन थालिएको थियो।

## क्यालोटाइप क्यामेरा (Calotype Camera)

फोटोग्राफीको इतिहासमा पहिलो पल्ट निगेटिभ र पोजिटिभ फिल्मको विकास गरी क्यामेरामा प्रयोग गर्ने प्रसिद्ध वैज्ञानिक इङ्गल्यान्डका विलियम हेनरी फक्स टल्बोट हुन्। उनले सन् १८३९ मा यो आविष्कार गरेका थिए। अनुसन्धानका क्रममा उनले सन् १८३४ मा सिल्भर नाइट्रेट दलिएको कागजमा

कालो रङको पृष्ठभूमिबाट एक्सपोज गरी सेतो वस्तुमा फोटो उतारेका थिए। टल्बोटद्वारा प्रवर्तित कागजमाथि छपाइ गर्ने प्रक्रियालाई ‘क्यालोटाइप’ भनिन्थ्यो। ग्रिक भाषामा ‘क्यालोटाइप’ को अर्थ ‘सुन्दर’ हो। फक्स टल्बोटले नै सर्वप्रथम क्यामेराको ठुलो बाकसको आकारलाई घटाई हातमा बोक्न सकिने सजिलो सानो आकारमा बनाएका थिए।

## वेट कोलोडियन पद्धति (Wet Collodian Process)

वेट कोलोडियन फोटोग्राफी प्रविधिको आविष्कार बेलायतका फोटोग्राफर फेड्रिक स्कट आर्चर र पिटर डब्लु फ्राईले संयुक्त रूपमा सन् १८५२ मा गरेका थिए। यस प्रविधिमा इथर र अल्कोहल जस्ता रसायन मिसाएर नाइट्रोसेलुलज भन्ने घोल तयार पारी काँचको पातामा दलिन्थ्यो। यसरी दलिएको पातालाई सिल्भर नाइट्रेट भन्ने रसायनमा डुबाइन्थ्यो र क्यामेराभित्र राखेर प्रकाश छिर्न नसकिने गरी बन्द गरिन्थ्यो। त्यसपछि सूर्यको किरणबाट बाहिरी दृश्यको फोटो खिचेपछि उक्त पातामा प्रतिविम्बित हुन्थ्यो र धुलाइ गरी फोटो तयार पारिन्थ्यो। यस किसिमको विधिमा पाता ओसिलो हुने हुँदा वेट कोलोडियन भन्ने नाम दिइएको थियो।

## ड्राइप्लेट नेगेटिभ पद्धति (Dryplate Negative Process)

ड्राइप्लेट पद्धति भन्नाले जिलाटिनद्वारा छाप्ने प्रक्रिया भन्ने बुझिन्छ। यस पद्धतिमा सिसामा जिलाटिन इमल्सन पोटिन्थ्यो र क्यामेरामा राखी फोटो खिचिन्थ्यो। यो वेट कोलोडिअन पद्धतिभन्दा टिकाउ हुने हुँदा फाइदाजनक मानिन्थ्यो। यस पद्धतिको आविष्कार डा. रिचार्ड लिच मेडक्सले सन् १८७१ मा गरेका थिए।

## कोडाक क्यामेरा (Kodak Camera)

उन्नाइसौँ शताब्दीको उत्तरार्द्धमा फोटोग्राफीको इतिहासले युगान्तकारी चरणमा प्रवेश गरेको थियो। यो क्रान्ति ल्याउनमा कोडाकको ठुलो योगदान रहेको छ।



*अमेरिकाका जर्ज इस्टम्यानले आविष्कार गरेको कोडाक क्यामेरा*

कोडाक क्यामेराको आविष्कारक एवम् उत्पादक अमेरिकाका जर्ज इस्टम्यान हुन्। उनी सम्पन्न उद्यमी पनि थिए। उनले कोडाक कम्पनी स्थापना गरेका थिए। सन् १८८८ देखि उनले कोडाकको व्यावसायिक रूपमा उत्पादनको थालनी गरेका थिए। उनैले सन् १८८४ मा क्यामेरामा प्रयोग गरिने निगेटिभ रोल फिल्मको विकास गरेका थिए। उनकै नामबाट रङ्गीन फिल्मको नाम इस्टम्यान कलर भनेर उत्पादन गरिएको थियो। यसै समयदेखि आधुनिक फोटोग्राफीको सुरुआत भएको मानिन्छ।

## क्यामेरा उत्पादनमा होडवाजी


कोडाकको लोकप्रियता र यसको व्यापकतासँगै विश्व बजारमा अन्य विभिन्न क्यामेराहरू पनि देखापर्न थालेका थिए। यसै क्रममा सन् १९०७ मा आएर लुमेक्स बन्धुले पनि रङ्गीन फोटोग्राफीका क्षेत्रमा थप विकास गरेका थिए। त्यसै गरी १९११ मा जर्मनीका ओस्कार बर्नाकले सीमित सटर स्पिड सहितको फोकल प्लेन सटरको व्यवस्था भएको क्यामेरा निर्माण गरेका थिए। विकासको क्रममा सन् १९२८-१९३० मा जर्मनीका अर्नस्ट लिजले पहिलो पल्ट लेन्स परिवर्तन गर्न मिल्ने लाइका नामको क्यामेरा उत्पादन गरेका थिए। यसै ताका जर्मनीमा फ्लास

बल्बको पनि आविष्कार गरिएको थियो । सन् १९४० मा आएर इल्फोर्ड फोटोग्राफी कम्पनीले मल्टी ग्रेड फोटोग्राफी पेपरको उत्पादन गरेका थिए ।

फोटोग्राफी प्रविधि विकासको होडबाजीका क्रममा जापानी कम्पनीहरू पनि देखापर्न थालेका थिए । यसै क्रममा सन् १९२८ मा जापानको ओसाकामा मिनोल्टा क्यामेराको उत्पादन सुरु भएको थियो । सन् १९४८ मा जापानकै निकोन कम्पनीले निकोन क्यामेराको उत्पादन सुरु गरेको थियो । जापानी क्यामेराका प्रकरणमा सन् १९५७ देखि पेन्टाक्स र सन् १९७५ देखि यासिका क्यामेरा अस्तित्वमा आउन थालेका थिए । सन् १९८० मा जापानकै क्यानन कम्पनीले पहिलो पल्ट अटो फोकस सुविधा भएको क्यामेरा विश्व बजारमा ल्याएको थियो ।

## डिजिटल क्यामेरा (Digital Camera)

डिजिटल क्यामेराको इतिहासको श्रीगणेश जेट प्रोपल्सन ल्याबोटरीका वैज्ञानिक युजेन एफ. ललीद्वारा सुरु भएको मानिन्छ । डिजिटल फोटोग्राफीको विकास टेलिभिजन प्रविधिको विकास सँगसँगै भएको मानिन्छ । युजेन ललीले सन् १९६१ मा डिजिटल क्यामेराको अनुसन्धान गरी उत्पादन सुरु गरेका थिए । पछि सन् १९७५ मा इस्टम्यान कोडाकका इन्जिनियर स्टेभेनसनले चार्ज कपल्ड डिवाइसको विद्युतीय सेन्सर पत्ता लगाई प्रयोगमा ल्याएका थिए । त्यसमा दृश्य फोटोलाई सङ्ग्रह गर्न क्यामेरामा फिल्मको सट्टा सिलिकन चिप्सको प्रयोग गरिन्थ्यो। सिसिडी एक किसिमको इमेज सेन्सर हो । यसको आविष्कार विलर्ड बोयल र जर्ज स्मिथले सन् १९६५ मा गरेका थिए । यसलाई डिजिटल क्यामेराको मुटु मानिन्छ । पछि व्यावसायिक रूपमा सिसिडी क्यामेराको विकासचाहिँ फेयरचाइल्डले सन् १९७६ मा गरेका थिए । विकासको क्रममा सन् १९८१ मा जापानको सोनी कम्पनीले पनि सोनी माभिका नामको इलेक्ट्रोनिक क्यामेरा उत्पादन गरेका थिए । यसले डिजिटल क्यामेराको विकासमा क्रान्ति नै ल्याएको थियो । पछि सन् १९८६ मा कोडाक कम्पनीले पनि उत्कृष्ट क्षमता भएको डिजिटल



*जेम्स क्लर्क म्याक्सवेलले सन् १८६१ मा खिचेको विश्वकै पहिलो मानिएको रङ्गीन फोटोग्राफ*

क्यामेराको विकास गरेका थिए । यसको लगत्तै सन् १९९१ मा कोडाकले फोटो पत्रकारहरूलाई लक्ष्य गरेर व्यावसायिक रूपमा डिजिटल क्यामेराको उत्पादन गरेको थियो ।

## रङ्गीन फोटो (Colour Photography)

विश्व इतिहासमा पहिलो पटक सैद्धान्तिक आधारबाट रङ्गीन फोटो छाप्न सकिने सक्षमता बेलायतका भौतिक शास्त्री जेम्स क्लर्क म्याक्सवेलले प्राप्त गरेका थिए । उनले मूल तिन रङ रातो, हरियो र निलो (RGB) को मिश्रणबाट हरेक रङ उत्पादन गर्न सकिन्छ भन्ने पत्ता लगाएका थिए । यस अवधारणाको विकास अठारौँ शताब्दीमा आएर भएको थियो । म्याक्सवेलले सन् १८६१ मा तिन( ओटा अलग अलग रङका फिल्टरको प्रयोगबाट फरक फरक तिन रङ मिसिएको रङ्गीन फोटो कागजमा उतार्न सफलता हासिल गरेका थिए । यो प्रयोग उनले काँचको प्लेटमा निगेटिभ बनाई पोजिटिभ प्लेटमा  प्रिन्ट गरेका थिए । सन् १९०७ मा आएर अगस्ट र लुइस लुमिएर दाजुभाइले अटोक्रोम प्लेटको विकास गरेका थिए । यसको प्रयोग सन् १९३९ सम्म गरिन्थ्यो ।

फोटोग्राफी प्रविधिको विकास सँगसँगै व्यावसायिक रूपमा फोटोग्राफरहरू पनि निकै फस्ताउन थालेका

थिए। सन् १९९० का दशकसम्म आइपुग्दा विश्वमा कैयौँ फोटोग्राफरहरू जन्मिसकेका थिए। क्यामेराको आविष्कार भएदेखि विभिन्न कालखण्डसम्मका विश्वका केही उल्लेखनीय फोटोग्राफरहरूको सङ्क्षिप्त परिचय यहाँ दिइएको छ।

## विश्वका केही उल्लेखनीय फोटोग्राफरहरू

**जोसेफ निसेफोरे नेप्से** (Joseph Nicéphore Niépce, 1765-1833): फ्रान्सका नागरिक जोसेफ निसेफोरे नेप्सेलाई विश्वको पहिलो फोटोग्राफरका रूपमा स्मरण गरिन्छ। उनले हेलिओग्राफ फोटोग्राफी प्रविधिको विकास गरेका थिए।

**लुई डेगुएरे** (Louis Deguerre, 1787-1851): फ्रान्सका नागरिक डेगुएरेलाई फोटोग्राफी जगत्को पिताका रूपमा स्मरण गरिन्छ। उनले क्यामेरा प्रविधिको आविष्कार गरी यसको प्रयोग गरेका थिए।

**इमोजेन कनिङ्गघम** (Imogen Cunningham, 1883-1976): अमेरिकी नागरिक इमोजेन कनिङ्घम मूलतः वनस्पति सम्बन्धी फोटोग्राफी गर्ने प्रसिद्ध महिला फोटोग्राफर थिइन्। उनी पत्रिकाका लागि काम गर्थिन्। उनी क्यालिफोर्नियाको 'ग्रुप एफ/६४' (Group f/64) की सदस्य थिइन्।

**एडवार्ड वेस्टन** (Edward Weston, 1886-1958): अमेरिकी नागरिक एडवार्ड वेस्टन वस्तुतः प्राकृतिक दृश्य तथा यथार्थपरक दृश्यका अतिरिक्त न्युड फोटोग्राफी गर्ने प्रसिद्ध फोटोग्राफरका रूपमा चिनिन्छन्।

**डोरोथे लाङ्गे** (Dorothea Lange, 1895-1965): अमेरिकाकी डोरोथे लाङ्गेको पहिचान पीडित, निमुखा एवम् पिछडिएका जनमानसको फोटो खिच्ने फोटोग्राफरका रूपमा रहेको छ। उनी विश्वकै पहिलो विशिष्ट महिला फोटो पत्रकारका रूपमा चिनिन्छन्।

**एन्सेल अडाम्स** (Ansel Adams, 1902-1984): अमेरिकी नागरिक एन्सेल अडाम्स प्राकृतिक दृश्यका निकै प्रख्यात फोटोग्राफर थिए। उनी श्याम-स्वेत फोटोका लागि दक्ष थिए।



*सन् १९४६ मा मार्गरेट बुर्के-ह्वाइटद्वारा खिचिएको महात्मा गान्धीले चर्खा चलाइराखेको विश्वप्रसिद्ध फोटो*

**मार्गरेट बुर्के–ह्वाइट** (Margaret Bourke–White, 1904-1971): अन्तर्राष्ट्रिय फोटो पत्रकारका रूपमा चिनिने अमेरिकी नागरिक बुर्के-ह्वाइट साहसी महिला फोटोग्राफर थिइन्। महात्मा गान्धीले चर्खा चलाइराखेको विश्वप्रसिद्ध फोटो खिच्ने फोटोग्राफर उनी नै थिइन्।

**फिलिप हल्सम्यान** (Philippe Halsman, 1906-1979): अमेरिकाका फिलिप हल्सम्यान मुहार तस्विर खिच्ने विश्वप्रसिद्ध फोटोग्राफरका रूपमा चिनिन्छन्। उनका फोटो प्रायः 'लाइफ म्यागाजिन' (Life magazine) आवरण पृष्ठमा छापिन्थ्यो।

**आँरी कार्टिय् ब्रेसौँ** (Henri Cartier Bresson, 1908-2004): फ्रान्सेली नागरिक आँरी ब्रेसौँ फोटो पत्रकारिताको पिताका रूपमा चिनिन्छन्। वस्तुतः उनको ख्याति सडक फोटोग्राफरका रूपमा रहेको छ।

**रबर्ट कापा** (Robert Capa, 1913-1954): हङ्गेरियन नागरिक रबर्ट कापा युद्धभूमिमा गई फोटो खिच्ने साहसी फोटो पत्रकार थिए। उनले अनेकौँ जोखिमपूर्ण ऐतिहासिक फोटोहरू खिचेका थिए।



*सन् १९९३ को मार्च महिनामा अनिकाल ग्रस्त सुडानमा केभिन कार्टरले खिचेको सानी केटी र गिद्धको विश्वप्रसिद्ध फोटो*

**हेल्मट न्युटन** (Helmut Newton, 1920-2004): जर्मन नागरिक हेल्मट न्युटन विश्वप्रसिद्ध 'भोग' (Vogue) पत्रिकाका लागि ग्ल्यामर फोटो खिच्ने प्रसिद्ध फोटोग्राफर थिए। फेसन फोटोग्राफीका क्षेत्रमा उनको महत्त्वपूर्ण योगदान रहेको छ।

**केभिन कार्टर** (Kevin Carter, 1960-1994): केभिन कार्टर दक्षिण अफ्रिकाको प्रसिद्ध फोटो पत्रकार थिए। उनी 'ब्याङ्-ब्याङ्' क्लब (Bang-Bang Club) का सदस्य थिए। सन् १९९३ मा अनिकाल ग्रस्त सुडानमा उनले खिचेको भोकले पीडित सानी केटी र गिद्धको फोटोले फोटोग्राफी विधाका लागि प्रतिष्ठित 'पुलित्जर पुरस्कार' (Pulitzer Prize) प्राप्त गरेका थिए। तैंतीस वर्षको उमेरमा यी प्रतिभाशाली फोटोग्राफरले आत्महत्या गरेका थिए।

## नेपालमा फोटोग्राफीको विकास

नेपालको फोटोग्राफी इतिहासमा फोटो खिच्ने क्यामेराको प्रवेश गराउने राणा प्रधानमन्त्री जङ्गबहादुर राणा हुन् भनेर उल्लेख गरिएको पाइन्छ। सन् १८५० मा उनी युरोप भ्रमणमा गएको बेला फोटो खिच्ने क्यामेरा नेपालमा ल्याएको कुरा उल्लिखित छ। अपितु उक्त क्यामेराबाट खिचिएको फोटो कुन हो, सो अद्यापि प्रकाशमा आएको छैन। नेपालमा फोटो खिचेर प्रकाशमा ल्याउने पहिलो व्यक्ति बेलायतका नागरिक क्लेरेन्स कोमिन टेलर थिए। उनी सन् १८६३ मा नेपाल भ्रमणमा आउँदा कान्तिपुर, भक्तपुर र ललितपुरका दरबार परिसर, त्यहाँको जनजातिका फोटोलगायत जङ्गबहादुर राणाका परिवारको फोटो खिचेका थिए।

नेपालको सन्दर्भमा पहिलो नेपाली फोटोग्राफरका रूपमा डम्बर शमशेर राणालाई मानिन्छ। उनले सन् १८७० मा भारतबाट नेपाल भ्रमणमा आएका युरोपेली फोटोग्राफरहरू बोर्न र सेफर्डबाट फोटोग्राफी सिकेका थिए। डम्बर शमशेर धीर शमशेर (प्रधानमन्त्री वीर शमशेरका भाइ) का छोरा थिए। डम्बर शमशेरको फोटोग्राफीको सोखलाई उनका छोरा शमर शमशेरले पनि अँगालेका थिए। शमर शमशेरको फोटोग्राफी सम्बन्धी कामलाई उनका छोरा सुप्रसिद्ध नाटककार एवम् कलाकार बालकृष्ण समले पनि निरन्तरता दिएका थिए। उनले दरबारभित्र नै फोटोग्राफी स्टुडियो बनाएका थिए।

सन् १९१० सम्म सर्वसाधारण जनताले फोटो खिच्ने अवसर पाएका थिएनन्। पछि मात्र आएर डम्बर शमशेर र गेहेन्द्र शमशेर (वीर शमशेरका छोरा) को निगाहमा दरबार बाहिरका सर्वसाधारण व्यक्ति पूर्णमान चित्रकारले फोटोग्राफी कला सिक्ने अवसर पाएका थिए। राणाहरूबाट नै प्रोत्साहन पाएर फोटोग्राफी सम्बन्धी तालिम हासिल गर्ने सन्दर्भमा उनी सन् १८८० मा कलकत्ता पुगेका थिए। कलकत्ताबाट



*सन् १८६३ मा बेलायतका नागरिक क्लेरेन्स कोमिन टेलरद्वारा खिचिएको पाटन दरबार क्षेत्रमा अवस्थित कृष्णमन्दिरको फोटो*



*दीर्घमान चित्रकारले चलाउने गरेको क्यामेरा*

फर्किएपछि उनले आफ्ना दाजु दीर्घमान चित्रकारलाई पनि फोटोग्राफी सिकाएका थिए। दीर्घमानलाई चन्द्र शमशेरले सिंहदरबारमा कला विभागमा जागिर समेत दिएका थिए। सन् १९०८ मा चन्द्र शमशेर युरोप भ्रमणमा जाँदा दीर्घमानले पनि जाने अवसर पाएका थिए। उनले युरोपबाट क्यामेरा र फोटोग्राफीका सामान पनि ल्याउने अवसर पाएका थिए। उनले काठमाडौँ भीमसेनस्थान स्थित आफ्नै घरमा फोटोग्राफी स्टुडियो सञ्चालन गरेका थिए। उनले आफ्ना छोरा गणेशमान चित्रकारलाई पनि फोटोग्राफी सम्बन्धी तालिम दिएर यस विधामा व्यावसायिक रूपमा निरन्तरता दिन लगाएका थिए। रोयल फोटोग्राफरका रूपमा प्रसिद्धि पाएका गणेशमान चित्रकारपश्चात् उनका छोराहरू पुष्प चित्रकार र किरणमान चित्रकारले स्टुडियो सम्भालेका थिए। किरणमान चित्रकारले आफ्ना पूर्वजले थालेका फोटोग्राफी व्यवसायलाई हालसम्म पनि निरन्तरता दिई 'गणेश स्टुडियो' सञ्चालन गर्दै आएका छन्। पुष्प चित्रकार लामो समयसम्म पुरातत्त्व विभागमा वरिष्ठ फोटोग्राफरका रूपमा सेवारत रही हाल अवकाश जीवन बिताइरहेका छन् र किरण चित्रकार हाल नेपाल टेलिभिजनमा वरिष्ठ क्यामेराम्यानका रूपमा कार्यरत छन्। अतः नेपालको फोटोग्राफीको इतिहासमा पहिलो व्यावसायिक फोटोग्राफरका रूपमा पूर्णमान र दीर्घमान बन्धुको नाउँ अङ्कित रहेको छ।

पूर्णमान चित्रकारले आफ्नो परिवारका सदस्यहरूका अतिरिक्त चित्रकार खलकका थुप्रै बन्धु बान्धवहरूलाई पनि फोटोग्राफी सम्बन्धी तालिम दिएका थिए। बद्रीमान चित्रकार, रत्नबहादुर चित्रकार, हिराबहादुर चित्रकार, कृष्णबहादुर चित्रकार, तेजबहादुर चित्रकार, हर्कलाल चित्रकार र उनका छोरा पृथ्वीलाल चित्रकार उनका प्रमुख शिष्यहरू थिए। यसका साथै चैत्य चित्रकार, पृथ्वीमान चित्रकार, भाइहरू लक्ष्मीबहादुर र तुल्सीबहादुर चित्रकार (सन् १८५० मा प्रधानमन्त्री जङ्गबहादुर राणासँग युरोप भ्रमण जाने अवसर पाएका प्रसिद्ध कलाकार भाजुमान चित्रकारका नातिहरू), बुद्धिबहादुर चित्रकार र कृष्णबहादुर चित्रकार पनि उनीबाट दीक्षित शिष्यहरू थिए।

पूर्णमान चित्रकारले चित्रकार खलकबाहिर अन्य हितैषीहरूलाई समेत फोटोग्राफीको तालिम दिएका थिए। यस प्रकरणमा चक्रबहादुर कायस्थ र उनका छोरा तेजबहादुर, दर्शनबहादुर, मदन कायस्थ, श्रीमान् कायस्थ, ज्ञानबहादुर कर्माचार्य र उनका छोरा शान्ताबहादुर, समरबहादुर, नारायणप्रसाद जोशी पशुपतिलाल श्रेष्ठ, भरत श्रेष्ठ, तीर्थराज मानन्धर, गोविन्द वैद्य, विष्णुध्वज जोशी र उनका छोरा हिरण्यध्वज जोशीका नाउँ उल्लेखनीय छन्। यसरी काठमाडौँ उपत्यकाभित्र फोटोग्राफी विधालाई विस्तार गर्नुमा पूर्णमान चित्रकारले दिएको योगदान अविस्मरणीय रहेको छ। त्यस ताका प्रायः कालो कपडाले ढाकी बक्स क्यामेराबाट फोटो खिचिन्थ्यो। त्यस्ता क्यामेरामा क्याबिनेट साइजको सिसा प्रयोग गरिन्थ्यो।

माथि उल्लिखित पूर्णमान चित्रकारबाट दीक्षित फोटोग्राफरमध्ये चक्रबहादुर कायस्थले ठहिँटी,

काठमाडौँमा थालनी गरेको फोटो स्टुडियो ‘चक्र फोटो सेन्टर’ उनका नाति पुस्ताका पिँढीले अद्यावधि सञ्चालन गरी नै रहेको छ।

फोटोग्राफी व्यवसायमा सन् १९०० का दशकसम्म आइपुग्दा पनि हामीकहाँ पूर्ण व्यावसायिक हिसाबले स्टुडियो स्थापना भने हुन सकेको देखिँदैन। ‘नेपालको फोटोग्राफी इतिहास’ मा उल्लेख भएअनुसार सन् १९०९ मा काठमाडौँको प्याफलमा विष्णुध्वज जोशीले व्यवस्थित एवम् पूर्ण व्यावसायिक रूपबाट ‘ग्रान्ड स्टुडियो’ स्थापना गरेका थिए। त्यसबेला उनी गोरखापत्र संस्थानका हाकिम रहेका थिए। सन् १९३६ मा उक्त ग्रान्ड स्टुडियो न्युरोडमा सारिएको थियो। यही स्टुडियोलाई नै नेपालको पहिलो व्यावसायिक स्टुडियो मानिन्छ। उक्त स्टुडियोको व्यापक सफलतापछि प्रतिस्पर्धात्मक रूपमा क्रमशः ‘न्यु स्टुडियो खिचापोखरी, ‘स्न्याप सट’ र ‘लक्ष्मी स्टुडियो’ स्थापना भएका थिए। सन् १९६२ मा आएर ग्रान्ड स्टुडियो सदाका लागि बन्द भएको थियो।

फोटोग्राफीका क्षेत्रमा बखतबहादुर चित्रकारको नाउँ पनि उल्लेखनीय रहेको छ। उनले सन् १९५६ मा बेङ्गलोर र बम्बईबाट फोटोग्राफी र सिनेमाटोग्राफी विधामा अध्ययन गरी पुनः सन् १९६५ मा अमेरिकामा थप तालिम हासिल गरेका थिए। उनी सिनेमाटोग्राफी तालिम लिएका नेपालका पहिलो फोटोग्राफरका रूपमा चिनिन्छन्। उनले ‘फोटोग्राफी परिचय’ नामक पुस्तक समेत प्रकाशित गरेका थिए।

नेपालमा व्यावसायिक फोटोग्राफीका प्रकरणमा बद्रीराज मानन्धरको नाउँ उल्लेखनीय रहेको छ। उनले सन् १९५० का दशकदेखि मखनमा ‘राज फोटो हाउस’ नाउँबाट स्टुडियो सञ्चालन गरी फोटोग्राफी व्यवसायमा निकै ख्याति कमाएका थिए। उनी क्यामेरा मर्मत सम्बन्धी कार्यमा पनि निकै दक्ष थिए।


नेपालको इतिहासमा फोटोग्राफी व्यवसायलाई अगाडि बढाउने दिशामा डी. बी. थापाको उल्लेख्य भूमिका रहेको छ। धादिङ जन्मथलो रहेका थापाले सन् १९६० मा काठमाडौँको न्युरोडमा स्थापना गरेको ‘फोटो कन्सर्न प्रा. लि.’ हालसम्म निरन्तर सञ्चालन भइरहेको छ।

काठमाडौँको तुलनामा उपत्यकाबाहिर भने फोटोग्राफीको विकास नगण्य हिसाबले भएको बुझिन्छ। यस सन्दर्भमा खोजीनिती गर्दा झन्डै सन् १९३४ सम्म पनि नेपालको पूर्वी तथा पश्चिम तराई क्षेत्रमा प्रायः फोटोग्राफी सम्बन्धी कामका लागि भारतीय सिमा क्षेत्रमाथि निर्भर रहनुपर्थ्यो। फोटोग्राफी व्यवसायमा लाग्ने दक्ष फोटोग्राफरको अभाव थियो। वीरगञ्जमा फाट्ट फुट्ट रूपमा कोही कोही व्यक्ति यस व्यवसायमा लागेको बुझिन्छ। यद्यपि प्रायः फोटो छपाइका लागि भारतको रक्सौलमा नै लाग्ने गरिन्थ्यो। सन् १९५० पछि मात्र विराटनगर, वीरगञ्ज, भैरहवा, नेपालगञ्ज, धनगढी आदि ठाउँमा फोटोग्राफी स्टुडियो सञ्चालनमा आएको बुझिन्छ। पश्चिम नेपालको पहाडी इलाका पाल्पा जिल्लाको तानसेनमा भने सन् १९३८ मा जनकप्रसादले फोटोग्राफीको काम सुरु गरिसकेका थिए। उनी पछि सन् १९५१ मा त्यहाँका प्रसिद्ध कलाकार गङ्गाप्रसाद वैंजु (श्रेष्ठ) ले व्यावसायिक रूपमा ‘गङ्गा फोटो स्टुडियो’ स्थापना गरेका थिए। सम्भवतः उपत्यकाबाहिर स्थापित पहिलो फोटो स्टुडियो उक्त गङ्गा फोटो स्टुडियो नै थियो। गङ्गाप्रसाद नेपालका वरिष्ठ कलाकार केशव दुवाडीका वनारसमा पढ्दाका सहपाठी थिए। उनै गङ्गाप्रसादलाई सन् १९५८ मा राजा महेन्द्र पाल्पामा सवारी हुँदा फोटोग्राफी र कलाकारिताका क्षेत्रमा दक्षता बापत ‘रोयल फोटोग्राफर’ पदवी बक्स भएको थियो।

नेपालमा फोटोग्राफी विधा व्यावसायिक रूपमा स्थापित



*नेपाली पत्रकारिताको पहिलो प्रमाणिक फोटो मानिने सन् १९२८, अप्रिल २६ मा गोरखापत्रमा छापिएको पहिलो समाचारमूलक फोटो*



*सन् १९३९ मा मदनमणि दीक्षितले फोटोग्राफी सुरु गरेको बक्स क्यामेरा*

भइसक्दा पनि निकै वर्षपछि मात्र फोटो पत्रकारिताको सुरुआत भएको बुझिन्छ। नेपाली पत्रकारिताको इतिहासमा फोटो छापिएको पहिलो अखबार 'गोरखापत्र' हो। सन् १९२६ (वि. सं १९८२ साल, असार २३ गते) मा उक्त अखबारमा पहिलो पल्ट चन्द्र शमशेरको तस्बिर छापिएको थियो। परन्तु गोरखापत्रमा छापिएको पहिलो समाचारमूलक फोटो भने वीरगञ्जकी एक जना उभिएर चर्खा काटिरहेकी सूर्यमती श्रेष्ठ नाउँकी महिलाको थियो। यो फोटो सन् १९२८, अप्रिल २६ तारिख (वि. सं. १९८४, वैशाख १३ गते) का दिन छापिएको थियो। गोरखापत्रमा छापिएको सो फोटोलाई नै नेपाली पत्रकारिताको पहिलो प्रमाणिक फोटो मानिन्छ। यही फोटोलाई नै महत्त्व दिएर हरेक वर्षको अप्रिल २६ (वैशाख १३ गते) का दिन नेपालमा फोटो पत्रकारिता दिवस मनाउन थालिएको हो। गोरखापत्रपछि सन् १९३४ मा 'शारदा' मासिक पत्रिकामा बालकृष्ण समद्वारा खिचिएको फोटो प्रकाशित भएको थियो। यस अर्थले नेपालको पहिलो फोटो पत्रकारका रूपमा बालकृष्ण समलाई मान्नुपर्ने हुन्छ। शारदा पत्रिकाका लागि फोटो खिच्ने अर्को फोटो पत्रकार मदनमणि दीक्षित हुन्। उनले सन् १९३९ मा बक्स क्यामेराबाट फोटोग्राफी सुरु गरेका थिए। उनले वीरगञ्जबाट काम सुरु गरेका थिए। त्यसै ताका कमलमणि दीक्षितले पनि फोटोग्राफी गर्न थाले का थिए। दीक्षितले नै महाकवि देवकोटाको धुम्रपान गर्दै गरेको फोटो खिचेका थिए।

तदुपरान्त अखबारमा फोटोको महत्त्व बढेसँगै फोटो पत्रकारहरूको आवश्यकता पनि बढ्न थालेको थियो। यद्यपि गोरखापत्र संस्थानमा फोटोग्राफर नियुक्त गरिएको थिएन। सन् १९७३ मा आएर मात्र गोरखापत्र संस्थानमा फोटोग्राफरको दरबन्दी राखिएको थियो। त्यस ताका गोरखापत्र संस्थानका फोटोग्राफरमा विन्दुराज सिंह सुवाल र गोपाल चित्रकार थिए। त्यसबेला फोटोबाट जस्ता धातु (जिङ्क) मा हाफटोन ब्लक बनाई छापिने गरिन्थ्यो। विन्दुराज सिंह सुवाल फोटोग्राफर भएता पनि उनी गोरखापत्र संस्थानमा फोटो छाप्ने प्राविधिक कामको व्यवस्थापनका लागि नियुक्त भएका थिए भने फोटो खिच्नका लागि गोपाल चित्रकारलाई नियुक्ति दिइएको थियो। फिल्डमा गई फोटो खिच्ने प्रयोजन हेतु नै गोपाल चित्रकारलाई सरकारको तर्फबाट सूचना विभाग मार्फत फोटो पत्रकारको रूपमा परिचयपत्र प्रदान गरिएको थियो। यस अर्थले उनलाई नेपालको परिचयपत्र प्राप्त पहिलो फोटो पत्रकारका रूपमा मानिन्छ।

पछिल्लो समयमा आएर सञ्चार क्षेत्रमा भएको व्यापक विकाससँगै दैनिक अखबार लगायत विभिन्न विषयका पत्रपत्रिका प्रकाशनहरूको बाढी नै आउन थालेको परिप्रेक्ष्यमा फोटोग्राफी र फोटोग्राफरको पनि महत्त्व र माग पनि बढ्दै गएको छ। सोख, रुचि एवम् पेसाका रूपमा फोटोग्राफी व्यवसाय निकै फस्ताइरहेको छ।

माथि उल्लेख गरिएका अग्रज फोटोग्राफरहरू (दिवङ्गत र जीवित) का अतिरिक्त नेपालमा सन् १९९० सम्ममा देखापरेका केही प्रसिद्ध तथा व्यावसायिक फोटोग्राफहरूको नाउँ तल दिइएको छ :

**अनुप प्रकाश** : सन् १९९० देखि फेसन फोटोग्राफीका क्षेत्रमा सक्रिय रहिआएका फोटोग्राफर

**अमरेन्द्र श्रेष्ठ** : सन् १९८७ देखि काठमाडौँको मखनमा फोटो स्टुडियो सञ्चालन गर्दै आएका व्यावसायिक फोटोग्राफर

**उषा तितिक्षु** : सन् १९९० देखि सक्रिय रहिआएकी फ्रिलान्स फोटो पत्रकार

**कुमार आले** : सन् १९७७ देखि फोटोग्राफीमा संलग्न रहिआएका पोर्ट्रट फोटोग्राफीमा दक्ष फोटोग्राफर

**गोपालप्रसाद श्रेष्ठ** : सन् १९६७ मा पाल्पामा मिसन अस्पतालमा एक्सरे ल्याबमा कार्यरत रही पछि 'गोपाल फोटो स्टुडियो' स्थापना गरी फोटोग्राफर व्यवसायमा लागेका फोटोग्राफर

**गोपाल श्रेष्ठ** : सन् १९६१ मा काठमाडौँको ठमेलमा फोटो स्टुडियो राखी फोटोग्राफीको क्षेत्रमा पाँच दशकको अनुभव रहेका फोटोग्राफर

**चक्रबहादुर कार्की** : सन् १९५० का दशकदेखि फोटोग्राफीमा योगदान दिएका फोटोग्राफर

**चन्द्रशेखर कार्की** : सन् १९८८ देखि फोटो पत्रकारितामा सक्रिय सुप्रसिद्ध फोटोग्राफर

**जगदीश तिवारी** : सन् १९७३ देखि हिमाल तथा एड्भेन्चर फोटोग्राफीमा समर्पित सुप्रसिद्ध फोटोग्राफर

**जावेद शाह** : सन् १९८२ मा तत्कालीन सोभियत सङ्घमा सिनेमाटोग्राफीको औपचारिक शिक्षा हासिल गरी लामो समयसम्म कृषि विकास बैङ्कमा कार्यरत रही सेवा निवृत्त फोटोग्राफर

**दिनेश महर्जन** : सन् १९९० देखि फेसन फोटोग्राफीका क्षेत्रमा सक्रिय रहिआएका फोटोग्राफर

**दीपेन्द्र बज्राचार्य** : सन् १९९० देखि फ्रिल्यान्स फोटो पत्रकारका रूपमा सक्रिय भूमिका निभाउँदै हाल 'स्कुल अफ क्रियटिभ कम्युनिकेसन' (एसिसी) मा फोटोग्राफी कक्षा सञ्चालनमा संलग्न रहेका फोटोग्राफर

**देवेन्द्रमान सिंह** : सन् १९७६ देखि अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीसँग आबद्ध रहेका फोटो पत्रकार

**नरेन्द्र प्रधान** : सन् १९७३ देखि जनजाति तथा नेपाली संस्कृति सम्बन्धी फोटोग्राफीमा समर्पित रहिआएका ख्यातिप्राप्त फ्रिल्यान्स फोटोग्राफर

**नरेन्द्र श्रेष्ठ** : सन् १९९१ देखि सक्रिय रहिआएका फोटो पत्रकार

**नवीन चित्रकार** : सन् १९७५ देखि सक्रिय रहेका व्यावसायिक फोटोग्राफर

**नरेश श्रेष्ठ** : सन् १९८४ देखि 'एबिसी स्टुडियो' सञ्चालन गर्दै आएका व्यावसायिक फोटोग्राफर

**नातिकाजी महर्जन** : सन् १९७२ देखि फोटोग्राफी क्षेत्रमा प्रवेश गरी लामो समयसम्म गोरखापत्र संस्थानमा फोटो पत्रकारका रूपमा कार्यरत रही सेवा निवृत्त फोटोग्राफर

**पवन जोशी** : सन् १९८० देखि कीर्तिपुरमा 'पवन फोटो स्टुडियो' स्थापना गरी लामो समयसम्म फोटोग्राफी व्यवसायमा संलग्न फोटोग्राफर

**प्रकाश मास्के** : सन् १९८० का दशकदेखि इन्द्रचोक, काठमाडौँमा 'भैरब फोटो स्टुडियो' सञ्चालन गरेका व्यावसायिक फोटोग्राफर

**प्रदीप योञ्जन** : सन् १९८३ देखि कलात्मक फोटोग्राफीमा समर्पित रहिआएका फोटोग्राफर

**बसन्तबहादुर चित्रकार** : सूचना विभागमा लामो समय सेवा गरेर सहसचिव स्तरसम्म पुगी सेवा निवृत्त भएका फोटोग्राफर

**बी. एम. क्षेत्री** : सन् १९७३ देखि पर्यटन फोटोग्राफीमा सुपरिचित फोटोग्राफर

**भरतचरण श्रेष्ठ** : सन् १९७३ मा पनौतीमा 'न्यु पनौती फोटो स्टुडियो' स्थापना गरी फोटोग्राफी व्यवसायमा लागिपरेका फोटोग्राफर

**भरत श्रेष्ठ** : सन् १९७३ मा पाल्पामा 'भरत फोटो स्टुडियो' सञ्चालन गरी सन् १९८३ देखि गोरखापत्र संस्थानमा फोटो पत्रकारका रूपमा कार्यरत रहिसकेका 'भरत देउराली' नामले चिनिने फोटोग्राफर

**भीम गुरुङ** : सन् १९८३ देखि क्रियाशील नाम चलेका फोटोग्राफर

**भीम राना** : सन् १९८३ देखि फोटोग्राफीमा लागेर ग्ल्यामर फोटोग्राफीका क्षेत्रमा नाम कमाएका फोटोग्राफर

**मङ्गलमोहन श्रेष्ठ** : सन् १९५० का दशकदेखि फोटोग्राफीमा संलग्न सूचना विभागबाट सेवा निवृत्त फोटोग्राफर

**मणि लामा** : सन् १९७३ देखि प्राकृतिक दृश्यका साथै एड्भेन्चर फोटोग्राफीमा सुप्रसिद्ध व्यवसायी फोटोग्राफर

**मदन बज्राचार्य** : क्यामेरा सङ्ग्रहकर्ताका रूपमा समेत परिचित ठिमी निवासी फोटोग्राफर

**मृगेन्द्रसिंह श्रेष्ठ** : सन् १९८० का दशकदेखि फोटोग्राफीका क्षेत्रमा प्रवेश गरी लामो समयसम्म कृषि विकास बैङ्कमा कार्यरत रही सेवा निवृत्त फोटोग्राफर

**माधव थापा** : सन् १९९० देखि फेसन फोटोग्राफीका क्षेत्रमा स्थापित फोटोग्राफर

**मीनरत्न बज्राचार्य** : सन् १९८४ देखि फोटोग्राफी क्षेत्रमा प्रवेश गरी सन् १९९० को ऐतिहासिक जनआन्दोलनमा निकै सक्रिय तथा जोखिमपूर्ण भूमिका निभाएका फोटोग्राफर

**मुकुन्दबहादुर श्रेष्ठ** : सन् १९५० का दशकदेखि सक्रिय रही पर्यटन विभागमा लामो समयसम्म फोटोग्राफरका रूपमा संलग्न पाटन निवासी प्रसिद्ध फोटोग्राफर

**मुकुन्दलाल कर्माचार्य** : सन् १९५५ देखि फोटोग्राफीमा सक्रिय फोटोग्राफर

**यशु माथेमा** : सन् १९९० देखिका सुपरिचित फोटोग्राफर

**रवीन्द्र मास्के** : लामो समयसम्म सूचना विभागमा फोटोग्राफरका रूपमा कार्यरत रही सेवा निवृत्त भएका वरिष्ठ फोटोग्राफर

**राजभाइ सुवाल** : सन् १९८२ देखि ग्ल्यामर एवम् फेसन फोटोग्राफीका क्षेत्रमा स्थापित फोटोग्राफर

**राजीव श्रेष्ठ** : ग्ल्यामर क्षेत्र तथा फिल्मी पत्रिकाका लागि फाटोग्राफी गर्नुका अतिरिक्त काठमाडौँमा 'फोटो बैङ्क' सञ्चालन गरेका फोटोग्राफर

**राजेन्द्र चित्रकार** : सन् १९८४ देखि गोरखापत्र संस्थानमा कार्यरत फोटो पत्रकार

**विकास रौनियार** : सन् १९९० देखि फोटो पत्रकारिताका क्षेत्रमा सक्रिय रहिआएका सुप्रसिद्ध फोटोग्राफर

**विज्ञान कायस्थ** : झन्डै तिन दशकदेखि सक्रिय भक्तपुरका नाम चलेका फोटोग्राफर

**विनोद जोशी** : सन् १९७० का दशकदेखि व्यावसायिक फोटोग्राफीमा सक्रिय रही लामो समयसम्म अन्तर्राष्ट्रिय समाचार संस्था एसोसिएटेड प्रेस (एपी) सँग आबद्ध रहेका फोटो पत्रकार

**विश्व शाक्य** : सन् १९७३ देखि पोखरामा स्टुडियो सञ्चालन गरी प्रसिद्धि कमाएका फोटोग्राफर

**वैकुण्ठप्रसाद श्रेष्ठ** : फोटोग्राफी तथा सिनेमाटोग्राफीमा योगदान दिएका वरिष्ठ फोटोग्राफर

**वैकुण्ठमान श्रेष्ठ** : सन् १९७५ देखि १९९० सम्म स्वास्थ्य मन्त्रालयअन्तर्गत परिवार नियोजन तथा मातृ शिशु स्वास्थ्य आयोजनामा फोटोग्राफरका रूपमा कार्यरत रही सेवा निवृत्त फोटोग्राफर (हाल सिर्जना कलेज अफ फाइन आर्टस्‌का संस्थापक अध्यक्ष)

**वैकुण्ठ मास्के** : व्यावसायिक फोटोग्राफीका अतिरिक्त सिनेमाटोग्राफीमा संलग्न वरिष्ठ फोटोग्राफर

**वैकुण्ठराज मानन्धर** : सन् १९६५ देखि व्यावसायिक फोटोग्राफीमा संलग्न रही हाल जमल, नाचघरमा 'श्री गणेश डिजिटल फोटो स्टुडियो' सञ्चालन गर्दै आएका फोटोग्राफर (ज्येष्ठ फोटोग्राफर बद्रीराज मानन्धरका सुपुत्र)

**श्याम चित्रकार** : सन् १९७० का दशकदेखि बागबजार, काठमाडौँमा 'ग्राफिक आर्ट स्टुडियो' सञ्चालन गर्दै आएका व्यावसायिक फोटोग्राफर

**श्रीधर मानन्धर** : सन् १९७० का दशकदेखिका सुप्रसिद्ध फ्रिल्यान्स फोटोग्राफर

**समज्ञ लाकौल** : सन् १९८४ देखि फोटो पत्रकारिताका र फिल्मी पत्रकारिताका क्षेत्रमा लोकप्रिय फोटोग्राफर

**सागर श्रेष्ठ** : फोटोग्राफी क्षेत्रमा लामो समयदेखि सेवा पुऱ्याउँदै आएका भक्तपुरका नाम चलेका फोटोग्राफर

**सानुराजा शाक्य** : सन् १९८३ देखि सक्रिय रही वन्यजन्तु फोटोग्राफीमा नाम कमाएका फोटोग्राफर

**हरिगोपाल प्रधान** : सन् १९८३ देखि फोटोग्राफी गर्दै नेपाल एअर लाइन्समा कार्यरत फोटोग्राफर

**हरिदेव श्रेष्ठ** : सन् १०६९ मा पाल्पामा हरिदेव फोटो स्टुडियो स्थापना गरी व्यावसायिक रूपमा सक्रिय फोटोग्राफर

**हरिवंश किरात** : सन् १९८० को दशकदेखि कलात्मक फोटोग्राफीमा समर्पित फोटोग्राफर

उल्लिखित नेपाली फोटोग्राफरहरू बारेका विवरण व्यक्तिगत अध्ययन तथा अनुसन्धानका अतिरिक्त हाल सक्रिय एवम् अनुभवी फोटोग्राफरहरूसँगको कुराकानीका आधारमा तयार पारिएको हो। नेपाली फोटोग्राफीका क्षेत्रमा तिन दशक पार गरिसकेका फोटोग्राफरहरूको नाम समावेश गर्ने पङ्क्तिकारको यस प्रयासमा कोही छुट्न गएको पनि हुन सक्छ। त्यसका लागि पङ्क्तिकार क्षमा याचना गर्छ।

## उपसंहार

क्यामेराको अवधारणाको  थालनी निकै अगाडिदेखि भएको थियो। अपितु फोटोग्राफी विधाले व्यावसायिक तथा कलात्मक स्वरूप भने उन्नाइसौँ शताब्दीदेखि लिन थालेको थियो। बिसौँ शताब्दीसम्म आइपुग्दा यो विकासको उत्कर्षमा पुगिसकेको थियो। आज एकाइसौँ शताब्दीको पूर्वार्द्धसम्म आइपुग्दा फोटोग्राफी प्रविधिले नित्य विकासको नवीन फड्को मारिरहेको छ। ज्ञान, विज्ञान, कला, मनोरञ्जन, खेलकुद, सञ्चार जस्ता समाजका हरेक क्षेत्रमा यसको उपयोगिता र आवश्यकता झन् झन् बढ्दो छ। नेपालकै सन्दर्भमा पनि फोटोग्राफीको क्षेत्र उल्लेखनीय ढङ्गले फस्टाउँदै गइरहेको छ। हामीकहाँ पनि कैयौँ व्यावसायिक फोटोग्राफरहरू यस क्षेत्रमा क्रियाशील रहिआएका छन्। सङ्क्षेपमा भन्नुपर्दा फोटोग्राफी क्षेत्रको भविष्य उज्ज्वल छ।

## स्रोत सन्दर्भ


*History of Photography and Photo Journalism in Nepal.*

राई, शरद, फोटोग्राफी दिग्दर्शन

Rai, Jerusha, *A People's history of Nepalese Photography,* Kiran Man Chitrakar.

Tiwary, Ashutosh, *History of Nepali Photographers.*

Wikipedia, the free encyclopedia





*अशोकमान सिं*

*इ. सं. १९५५ मा तानसेन, पाल्पामा जन्मेका अशोकमान सिंले कला क्षेत्रमा चार दशक पार गरिसकेका छन्। तीन  दशक अगाडिदेखि फोटोग्राफी, ग्राफिक डिजाइन, इलस्ट्रेसन, मुद्रण तथा उत्पादन एवम् प्रकाशन क्षेत्रमा  कार्यरत रहँदै आएका उनी चित्रकला क्षेत्रमा चार दशकदेखि नै संलग्न रहँदै आएका छन्। उनी साहित्य विधामा पनि कलम चलाउँछन्। उनका 'रङ' शीर्षकको अत्यन्त उपयोगी पुस्तकका अतिरिक्त उपन्यास  एवम् बाल  कथाहरू  प्रकाशित  छन्। नेपाल  सरकारबाट  प्रदान गरिने  क्षेत्रीय  राष्ट्रिय  पुरस्कार र  नेपाल ललितकला प्रज्ञा (लेखन) पुरस्कारबाट समेत सम्मानित सिंले अन्य विभिन्न पुरस्कार  प्राप्त गरिसकेका छन्। हाल उनी सेन्टर फर आर्ट एन्ड डिजाइन, काठमाडौँ युनिभर्सिटी र सिर्जना कलेज अफ फाइन आर्टस्मा अध्यापनरत छन्।*